# सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७

**प्रस्तावनाः**

सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिहरुको स्थिति सामान्य तुल्याउन, त्यस्ता व्यक्तिहरुलाई समाजमा पुनःस्थापन गरी सम्मानपूर्वक जीवन यापन गर्न सक्ने वातावरण बनाउनका लागि व्यवस्थित तथा प्रभावकारी रुपमा रोजगार/स्वरोजगार सेवा कार्यक्रम संचालन गर्न आवश्यक भएकाले, नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"सशस्त्र द्वन्द्व"** भन्नाले सम्बत् २०५२ साल फागुन १ गते देखि सम्बत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्दछ ।

(ख) **"द्वन्द्व पीडित"** भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका वा वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्य वा अपाङ्ग भएका वा आन्तरिक रुपले विस्थापित भएका, व्यक्ति तथा निजको परिवारको सदस्यलाई सम्झनु पर्दछ ।

(ग) **"बालबालिका"** भन्नाले कार्यदलको प्रतिवेदनमा सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका, वेपत्ता पारिएका, अपाङ्ग भएका वा आन्तरिक रुपले विस्थापित भनि उल्लेख भएका व्यक्तिका १८ वर्ष पुरा नभएका प्रचलित श्रम कानुनले काममा लगाउन बाधा नपर्ने बालबालिका सम्झनु पर्दछ ।

(घ) **"विधवा"** भन्नाले कार्यदलको प्रतिवेदनमा सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिको सूचीमा नाम समावेश भएका मृतकका विधवा पत्नी सम्झनु पर्दछ ।

(ङ) **"वेपत्ता पारिएका व्यक्ति"** भन्नाले कार्यदलको प्रतिवेदनमा वेपत्ता पारिएका व्यक्तिको सूचीमा नाम समावेश भएका व्यक्ति सम्झनु पर्दछ ।

(च) **"विस्थापित व्यक्ति वा परिवार"** भन्नाले कार्यदलको प्रतिवेदनमा आन्तरीक रुपमा विस्थापित व्यक्ति, परिवारको सूचीमा नाम समावेस भएका व्यक्ति, परिवार सम्झनु पर्दछ ।

(छ) **"अपाङ्गता भएका व्यक्ति"** भन्नाले कार्यदलको प्रतिवेदनमा अङ्ग भङ्ग भई अपाङ्ग भएका व्यक्तिको विवरणको सूचीमा नाम समावेश भएका व्यक्ति सम्झनु पर्दछ ।

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(ज) **"मृतकका परिवार"** भन्नाले कार्यदलको प्रतिवेदनमा मृत्यु भएका व्यक्तिको सूचीमा नाम समावेश भएका मृतक व्यक्तिका परिवार सम्झनु पर्दछ ।

(झ) **"रोजगार/स्वरोजगार सेवा"** भन्नाले प्राविधिक तथा व्यवसायिक तालिम, रोजगार परामर्श सेवा, साना व्यवसाय/उद्यम सहयोग सेवा (जस्तैःइन्कुवेटर, लघुऋृण) सम्झनु पर्दछ ।

(ञ) **"कार्यदल"** भन्नाले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४/२/२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्न गठित कार्यदल सम्झनु पर्छ । सो शब्दले यसै प्रयोजनका लागि नेपाल सरकारबाट समय समयमा गठन हुने अन्य कार्यदललाई समेत जनाउनेछ ।

(ट) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) **"परिवार"** भन्नाले द्वन्द्वपीडित व्यक्तिका सगोलका पति/पत्नी, सम्बन्ध विच्छेद गरेको पती/पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री,आमा, वावु, सौतेनी आमा, झड्केलो वावु, बाजे, बज्यै तथा सगोलका दाजु, भाई, दिदी, बहिनी, नाती,नातिनी र बुहारी समेतलाई सम्झनु पर्दछ ।

(ड) **"सेवा प्रदायक"** भन्नाले पुनस्थापन सेवा संचालन गर्नका लागि छनौट भई कार्यादेश प्राप्त गरेका सरकारी, गैरसरकारी वा निजी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ढ) **"रोजगार"** भन्नाले यस निर्देशिका बमोजिम सीपमुलक तालिम प्राप्त गरेपछि तालिम प्राप्त व्यक्तिले तालिम पुरा गरेको नब्बे दिन भित्र कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी किसिमको काममा लागेको वा आफ्नै उद्यम व्यवसाय संचालन गरेको अवस्थालाई जनाउनेछ।

( ण) **"थप अध्ययन"** भन्नाले यो निर्देशिका बमोजिम सीपमुलक तालिम पुरा गरी माथिल्लो स्तरको अध्ययनमा सम्लग्न रहेको अवस्था संझनु पर्दछ ।

(त) **"आयोजना"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको शान्ति प्रकृया सहयोग आयोजना (IDA Grant H367–NEP) सम्झनु पर्दछ ।

(थ) **"फिल्ड म्यानुअल"** भन्नाले रोजगार/स्वरोजगार सेवा संचालन गर्न तयार गरिएको Field implementation Manual सम्झनु पर्दछ ।

३. **<u>द्वन्द्व पीडित व्यक्तिको विवरण तयार गर्ने</u>** (१) कार्यदलले तयार गरी पेश गरेको प्रतिवेदनका आधारमा मन्त्रालयले पीडितको नाम, थर, ठेगाना, लिंग, उमेर समेतको संख्या एकिन गरी देहाय बमोजिमका फरक फरक तथा एकीकृत विवरण तयार गर्नु गराउनु पर्नेछ ।

(क) अपाङ्ग व्यक्ति र निजको परिवार
(ख) विस्थापित व्यक्ति वा परिवार
(ग) बालबालिका/टुहुरा बालबालिका
(घ) विधवा र निजको परिवार
(ङ) मृतक, वेपत्ता पारिएका व्यक्तिका परिवार र अपहरणमा परेका व्यक्ति र निजको परिवार

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा मन्त्रालयले पीडित व्यक्तिको लागि आवश्यक पर्ने अन्य थप विवरण समेत संकलन गर्न सक्नेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(३) उपदफा (१) मा उल्लेख भएका समूहका व्यक्तिहरु एक वा एक भन्दा बढी समूहसंग सम्बन्धित देखिएमा निजले रोजेको सम्बन्धित कुनै एक समूहको रोजगार/स्वरोजगार सेवा लिन पाउने छ ।

४. **<u>रोजगार/स्वरोजगार सेवाको संचालन :</u>** दफा ३ मा उल्लेखित द्वन्द्व पीडित व्यक्तिहरुलाई मन्त्रालयले आवश्यकतानुसार कुनै एक वा एक भन्दा बढी रोजगार/स्वरोजगार सम्बन्धी सेवा उपलब्ध गराउन सक्नेछ ।

५. **<u>मासिक भत्ता र यातायात खर्च</u>:** (१) दफा ३ उल्लेखित द्वन्द्वपीडित व्यक्तिहरुलाई रोजगार/स्वरोजगारमुलक सेवा, प्रदान गर्दा प्रदान गरिने त्यस्ता सेवा अवधिभरको लागि Field Manual मा तोकिए बमोजिमको दैनिक भत्ता, मासिक भत्ता तथा यातायात खर्च उपलब्ध गराइने छ ।

(२) महिना पुरा नभएको सेवा अबधिको मासिक भत्ता र दैनिक यातायात खर्च उपलब्ध गराउँदा यस उपदफा बमोजिमको मासिक भत्ता र यातायात खर्चलाई दामासाहीले हिसाव गरी हुन आउने रकम उपलब्ध गराइनेछ ।

६. **<u>निर्देशक समिति</u>:** (१) यस निर्देशिका बमोजिम संचालन हुने सेवाको समन्वय एवं निर्देशन गर्ने सम्बन्धमा देहाय बमोजिमको एक निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| (क) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -संयोजक |
| (ख) सह सचिव/प्रतिनिधि, गृह मन्त्रालय | -सदस्य |
| (ग)सह सचिव/प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) सह सचिव/प्रतिनिधि, उद्योग मन्त्रालय | -सदस्य |
| (ङ) सह सचिव/प्रतिनिधि, शिक्षा मन्त्रालय | -सदस्य |
| (च) सह सचिव/प्रतिनिधि, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (छ) सह सचिव/प्रतिनिधि, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |
| (ज) सह सचिव/प्रतिनिधि, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | - सदस्य |
| (झ) सह सचिव/प्रतिनिधि, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ञ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (ट) प्रतिनिधि, गैर सरकारी संस्था महासंघ | -सदस्य |
| (ठ) प्रतिनिधि, साना तथा घरेलु उद्योग महासंघ | -सदस्य |
| (ड) प्रोजेक्ट कोअर्डिनेटर, शान्ति प्रकृया सहयोग आयोजना, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, | -सदस्य सचिव |

(२) उप-दफा (१) बमोजिमको निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सेवा संचालन गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने तथा समन्वय गर्ने ।

(ख) सेवाको कार्य प्रगतिको समीक्षा गरी आवश्यक परामर्श दिने ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(ग) सेवा संचालनमा कुनै वाधा अड्चन आई परेमा सो को समाधानका लागि सिफारिस गर्ने ।

(३) निर्देशक समितिको वैठकमा आवश्यकतानुसार मन्त्रालयको अधिकृत वा कुनै विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) निर्देशक समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(५) समितिको बैठकमा उपस्थित सदस्यहरुलाई प्रति बैठक रु ६००।- भत्ता उपलब्ध गराईने छ ।

७. **<u>समन्वय तथा अनुगमन समितिः</u>** (१) कार्यक्रम संचालन भएका जिल्लाहरुमा निम्न बमोजिमको जिल्लास्तरीय समन्वय तथा अनुगमन समिति रहनेछ :-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| (ख) स्थानीय शान्ति समितिको संयोजक वा संयोजकले तोकेको सो समितिको सदस्य एक जना | -सदस्य |
| (ग) स्थानीय शान्ति समितिले तोकेको सो समितिको महिला सदस्य एक जना | -सदस्य |
| (घ) महिला तथा बालबालिका कार्यालयको प्रमुख | -सदस्य |
| (ङ) सेवा प्रदायक संस्थाको प्रमुख | - सदस्य सचिव |

(२) उप-दफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रोजगार/स्वरोजगार सेवा लिनको लागि निवेदन दिएका निवेदकहरुको छनौट गर्ने ।

(ख) सेवा प्रदायक संस्थाले संचालन गरेको सेवाको आवश्यकतानुसार अनुगमन गर्ने ।

(ग) सेवा प्रदायक संस्थाले तालिम पुरा गरेका व्यक्तिहरुलाई उपलब्ध गराएको रोजगारको विवरण आयोजनामा पठाउने ।

(घ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ङ) समितिले आवश्यकतानुसार अन्य सम्बन्धित निकायका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

उपदफा (३) उपदफा (२) (क) बमोजिम निवेदकहरुको छनोट गर्ने सन्दर्भमा कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको द्वन्द्वपीडितलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । तत्पश्चात दफा २ को खण्ड (ठ) बमोजिमको व्यवस्थालाई आधार मानी द्वन्द्वपीडितको परिवारलाई क्रमशः प्राथमिकता दिईनेछ ।

८. **<u>कार्यक्रमको कायान्वयनः</u>** यस निर्देशिका बमोजिम शान्ति प्रक्रिया सहयोग आयोजना अन्तरगत संचालन हुने रोजगार/स्वरोजगार सेवा कार्यक्रमहरुको कार्यान्वयन मन्त्रालयवाट तोकिएको महाशाखाबाट हुनेछ ।

९. **<u>रोजगार/स्वरोजगार सेवा सञ्चालन</u>** (१) दफा ८ बमोजिम संचालन हुने कार्यक्रम कार्यान्वयन गर्दा मन्त्रालयले सशस्त्र द्वन्द्वबाट प्रभावित जिल्लाहरु मध्ये सामान्यतया प्रत्येक विकास क्षेत्रमा २ वटा जिल्ला भन्दा कम नहुने गरी परीक्षणकोरुपमा संचालन गर्नेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिएको सेवाको प्रभावकारिताको आधारमा आवश्यक परिमार्जन गरी अन्य जिल्लामा समेत त्यस्तो सेवा क्रमशः सञ्चालन गरिनेछ ।

१०. **निवेदन सम्बन्धी व्यवस्थाः** (१) सेवा संचालन गर्न छनौट भएका जिल्ला भित्रका प्रशिक्षार्थीको निवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयले सेवा संचालन गर्ने जिल्ला पहिचान गर्नेछ ।

(ख) सेवा प्रदायकले सेवाको आवश्यकता पहिचान गर्नका लागि जिल्लास्थित सरोकारवाला संस्थाहरु, स्थानीय शान्ति समिति लगायतका निकायहरुको समेत परामर्श लिनुपर्नेछ ।

(ग) यसरी सम्बन्धित जिल्लाको आवश्यकता पहिचान भैसकेपछि सेवा प्रदायकले सेवाको प्रकार सो को अबधि, दरखास्त दिने स्थान, दरखास्त दिने अन्तिम मिति, सेवाको लागि चाहिने योग्यता समेत उल्लेख गरी निवेदनका लागि सार्वजनिक सुचना प्रकाशित गर्नेछ ।

(२) प्रशिक्षार्थीले तालिम लिनको लागि दिने निवेदनको ढाँचा अनुसूची-१ अनुसार हुनेछ ।

(३) प्रशिक्षार्थी छनौट सम्बन्धी काम साधारणतया दरखास्त दिने अन्तिम मिति समाप्त भएको १५ दिन भित्र सकिसक्नु पर्नेछ ।

११. **सेवा खरिदः** यस निर्देशिका बमोजिम सेवा संचालन गर्न मन्त्रालयले सेवा प्रदायक संस्थावाट कार्य गराउन वा सेवा प्राप्त गर्नका लागि सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ वा विश्व बैंक र नेपाल सरकारका विच शान्ति प्रक्रिया सहयोग आयोजना सम्बन्धमा भएको Financing agreement मा उल्लेख भए बमोजिमको प्रक्रिया  अवलम्बन गर्नेछ ।

१२. **सेवा प्रदायकको छनौटः** (१) आयोजनाले सेवा संचालन गर्न सेवा प्रदायकको छनौट गर्दा सेवा प्रदायकको क्षमता, योग्यता लगायतका विषयहरु खोली सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा उपदफा (१) बमोजिम प्रकाशित सूचनाको आधारमा प्रस्ताव पेश गर्दा सेवा प्रदायक संस्थाले सेवा संचालन गर्नको लागि प्रतिस्पर्धा गर्दा सो संस्थावाट दिइने सेवा पुरा गरिसकेपछि प्रशिक्षार्थीहरुको लागि सो संस्थाले उपलब्ध गराउन सक्ने रोजगार योजना समेत पेश गर्नु  पर्नेछ ।

(३) सेवा संचालनका लागि सेवा प्रदायक संस्थाहरुको छनौट गर्दा सम्बन्धित संस्थावाट सेवा प्राप्त प्रशिक्षार्थी मध्ये कम्तिमा Field Manual मा तोकिए बमोजिमको प्रतिशत प्रशिक्षार्थीलाई रोजगारीको प्रत्याभुति दिने संस्था मात्र योग्य ठहरिने छ ।

१३. **सेवाको स्वरुपः** यस निर्देशिका बमोजिम प्रदान गरिने सेवा अवधि Field Manual मा उल्लेख भए बमोजिम हुनेछ । यसरी दिइने तालिम सामान्यतया तीस प्रतिशत कक्षागत तालिम (In house training) र सत्तरी प्रतिशत कार्यगत तालिम (On the job training) सम्बन्धी बिषय पठ्यक्रममा समावेश भएको हुनु पर्नेछ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

१४. **<u>सेवा प्रदायकलाई प्रोत्साहन</u>**: आफूले संचालन गरेका सेवा कार्यक्रमका सहभागी प्रशिक्षार्थीहरु मध्ये Field Manual तोकिएको प्रतिशत बमोजिमका प्रशिक्षार्थीलाई रोजगारी वा माथिल्लो तहको अध्ययनको अवसर प्रदान गर्ने सेवा प्रदायक संस्थालाई सो संस्थाले संचालन गरेको सम्बन्धित सेवा संचालन गर्दा लागेको सेवा खर्चको आधारमा Field Manual मा तोकिए अनुसार प्रोत्साहन स्वरुपको ( बोनस) रकम उपलब्ध गराईनेछ

१५ .**<u>अर्को जिल्लामा सहभागी गराउन सकिने</u>**: कुनै जिल्लामा तालिम दिने उपयुक्त संस्था नभएमा वा प्रशिक्षार्थीको संख्या कम भएमा त्यस्ता जिल्लाका प्रशिक्षार्थीहरुको हकमा अर्को नजिकको जिल्लामा तालिमको व्यवस्था सेवा प्रदायकले मिलाउन सक्नेछ ।

१६. **<u>बैठक भत्ता</u>**: यस निर्देशिकामा व्यवस्था भएका कुराहरुको कार्यान्वयन गर्ने सन्दर्भमा आयोजना व्यवस्थापन समुह को बैठक कार्यालय समय भन्दा अघि पछि वसेको अवस्थामा प्रति वैठक बैठकमा सहभागी प्रत्येक सदस्यलाई रु ५००।- भत्ता उपलब्ध गराईनेछ ।

१७. **<u>लेखा तथा लेखा परीक्षण</u>**: (१) सेवा सञ्चालन गर्ने सरकारी कार्यलय वा सरकारी वा गैर सरकारी वा निजी संस्थाले कार्यक्रमको नगदी वा जिन्सी लेखा प्रचलित कानुन बमोजिम दुरुस्त र पारदर्शी रुपमा राख्नु पर्नेछ । मन्त्रालयले यस्तो अभिलेख जुनसुकै बखत निरिक्षण वा जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) यस निर्देशिकाको कार्यक्रममा भएको खर्चको प्रचलित कानून बमोजिम लेखा राख्ने र लेखा परीक्षण गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

१८. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>**: (१) सेवा सञ्चालन गर्ने सेवा प्रदायकले आफूले सञ्चालन गरेको कार्यको मासिक प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) सेवा सञ्चालन गर्ने सेवा प्रदायकले संझौता बमोजिम सम्पन्न गरिएको कार्यको प्रतिवेदन र कार्य प्रगति विवरण कार्य सम्पन्न भएको एक महिना भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा त्यस्तो सेवा प्रदायकले मन्त्रालयबाट प्राप्त गरेको रकम, सञ्चालन गरेको सेवाको प्रकार, सेवा प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना समेतको विवरण, सेवा सञ्चालनको लागि लागेको खर्च र रोजगारीको अवस्था समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

१९. **<u>अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्था</u>**: यस निर्देशिका बमोजिम संचालन भएका सेवा सम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्यांकन मन्त्रालय र आयोजना व्यवस्थापन समूहवाट हुनेछ । स्थानीय स्तरमा यस्तो कार्यको अनुगमन **जिल्लास्तरिय स्थानीय शान्ति समिति एवं** दफा ७ बमोजिमको समितिले गर्नेछ । साथै उक्त कार्यक्रमको अनुगमन तथा मुल्यांकन कार्यमा तेश्रो पक्षलाई समेत सम्लग्न गराउन सकिनेछ ।

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

२०. **<u>उजुरी:</u>** यस निर्देशिका बमोजिम संचालन हुने सेवा प्रदान गर्ने क्रममा विभिन्न निकायवाट भएका निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो काम भए गरेको मितिले ३५ दिन भित्र आफ्नो व्यहोरा खुलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सक्नेछ । मन्त्रालयले उक्त उजुरीको टुङ्गो १५ दिन भित्र लगाउने छ ।

२१. **<u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस निर्देशिका कार्यान्वयनको सन्दर्भमा कुनै द्विविधा/अस्पष्टता भएमा प्रचलित कानून प्रतिकुल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## अनुसूची-१

(दफा १० को उप-दफा २ संग सम्बन्धित)

(सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिहरुले सेवा प्राप्त गर्न दिने निवेदनको ढाँचा)

मिति:२० /    /

श्री .......................................।

**विषय:- ..................सेवा उपलब्ध गराई पाऊँ ।**

....................जिल्ला ..............न.पा./गा.वि.स.वडा नं........ बस्ने म निवेदक ........................द्वन्द्व पीडित भएकोले देहायको विवरण सहित ..............................................विषयको तालिम लिने प्रयोजनका लागि यो निवेदन पेश गरेको छु ।

**विवरणहरु** :

१) नाम थर

२) ठेगाना

३) कार्यदलको प्रतिवेदनमा द्वन्द्व पीडित भनी उल्लेख भएको प्रतिवेदनको नाम ..............................र सो प्रतिवेदनमा निवेदकको नाम रहेको क्रम संख्या ..........(**यो विवरण निवेदन लिने संस्थाले समेत भर्न सक्नेछ**)

४) शैक्षिक योग्यताको प्रमाण/तालिमको प्रमाणपत्रको प्रतिलिपि

५) नेपाली नागरिकताको प्रमाण पत्र /नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

(सेवा संचालन गर्ने संस्थाले आवश्यकतानुसार थप विवरण माग गर्न सक्ने छ ।)

माथिको विवरण ठिक सत्य हो फरक परे सँहुला बुझाउला ।

**निवेदकको दस्तखत :-**

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

## नमुनाको रुपमाः तालिमका विषयहरु

| | |
|---|---|
| १) ढकी, मुढा, कुचो बनाउने | २२) जुनीयर बार्वर |
| २) कागजका समान बनाउने | २३) ह्याण्ड इम्वोरीडरी |
| ३) गार्डेन डिजाइनर | २४) नेपाली हाते कागज निर्माण |
| ४) स्टोब,ग्यास चुलो मर्मत | २५) टेलर माष्टर |
| ५) ढाका बुनाई बासको तान | २६) पम्प सेट मर्मत |
| ६) मेटल ग्रील सटर | २७) मौरी पालन |
| ७) मोवाइल मर्मत | २८) सु मेकर |
| ८) सिलाई कटाई | २९) फेबृक पेन्टर |
| ९) उनी सल बुनाई | ३०) मोटर साइकल मर्मत |
| १०) पेल्टीक सेट जडान | ३१) छाला बस्तु उत्पादन |
| ११) चिया खेती तथा व्यवस्थापन | ३२) डकर्मी |
| १२) वेमौसमी तरकारी उत्पादन | ३३) ड्राभर (लाइट/हेभी) |
| १३) सटरिङ कारपेन्टर | ३४) खाद्य प्रशोधन सम्बन्धी (जाम, जेली, स्वास आदी) |
| १४) प्लम्बिङ | ३५) जडिबुटी प्रशोधन |
| १५) फर्निचर मेकर | ३६) कुक, वेटर, |
| १६) कम्प्युटर सर्विस टेक्निसियन | ३७) वारम्यान, |
| १७) सोलार पीभि टेक्निसियन | ३८) हाउसकिपर |
| १८) साइकल तथा रिक्सा मेकानिक्स | ३९) टुरिस्ट गाइड |
| १९) अटो मेकानिक्स | ४०) कुखुरा पालन |
| २०) हेयर एण्ड व्युटि कल्चर | ४१) जिल्लाको माग र सम्भाव्यता अनुसार तालिमको विषय थप गर्न सकिने छ। |
| २१) फोटाग्राफी | |

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com